भीमेश्वर नगरपालिका कार्यालयको

चरिकोट बजार सातदोबाटो चोकमा रहेको

भवनको उत्तर तर्फको तेस्रो र चौथा तल्ला र छत शिलबन्दी दरभाउपत्रद्धारा भाडामा दिने सम्बन्धी

सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०७१/०८/०१

भीमेश्वर नगरपालिका वडा नं. १ चरिकोट बजारको सातदोबाटो चोकमा अवस्थित यस कार्यालयको स्वामित्वमा रहेको सपिङ कम्प्लेक्स भवनको उत्तर तर्फको तेस्रो र चौथो तल्ला एवं सो को छत शिलबन्दी दरभाउपत्र प्रक्रियाबाट भाडामा लगाउनु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ५:०० बजे भित्र यस कार्यालयबाट तयार गरिएको दरभाउपत्र फाराम रु ३००/- (अक्षेरुपी तीन सय मात्र) मा खरिद गरी १६ औं दिनको १२:०० बजे भित्रमा गोप्य शिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउनु हुन इच्छुक व्यक्ति/व्यवसायी/संघ-संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. भवनको तेस्रो र चौथो तल्ला र छत भाडामा लिन इच्छुक व्यक्ति/व्यवसायी/संघ-संस्थाले यस कार्यालयबाट तयार गरिएको शिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सुचना प्रकाशन भएको मितिले १५ औं दिन भित्रमा रु ३००/- (अक्षेरुपी तीन सय मात्र) मा खरिद गरि १६ औं दिन दिनको १२.०० बजे भित्र नगरपालिका कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

२. दरभाउपत्रमा भाग लिन इच्छुक व्यक्ति/व्यवसायी/संघ-संस्थाहरुले आफूले कबोल गरेको रकमको ५% ले हुने धरौटी वापतको रकम यस कार्यालयको धरौटी खाता नं. ग-३/१ मा वा कर शाखामा जम्मा गरेको सक्कल भौचर समेत दरभाउपत्रमा नै संलग्न राखि पेश गर्नु पर्नेछ ।

३. भाडामा लिने सम्बन्धी नगरपालिका कार्यालयमा नियमानुसार दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र सोहि दिन दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ ।

४. भवनको तेस्रो र चौथो तल्ला र छत जे जस्तो अवस्थामा छ सोही अवस्थामा भाडामा लिनु पर्ने छ । आफ्नो आवश्यकता अनुसार चाहिने संरचना बनाउदा वा Layout गर्दा नगरपालिकाको स्वीकृति लिएर मात्र गर्नु पर्नेछ । यसरी वनाएको संरचनामा लागेको खर्च भाडा रकममा मिलान गर्ने वा नगरपालिकासँग दावी गर्न पाइने छैन् । कुनै कारणले दुई पक्ष बीचको सम्झौता भंग भएमा वा भाडामा बस्नेले भाडामा बस्न नचाहेमा आफुले बनाएको संचरना नष्ट गर्न वा भत्काउन वा विगार्न पाइने छैन् । त्यस्तो संरचना नगरपालिकाको सम्पत्ति हुनेट ।

५. यस कार्यालयलाई बुझाउनु पर्ने कर राजश्व भाडा वा अन्य यस्तै प्रकारको तिर्न बाँकी बक्यौता रहेको व्यक्ति/व्यवसायी/संघ-संस्थाले बाँकी बक्यौता रकम नबुझए सम्म यस दरभाउपत्रमा भाग लिन पाउने छैनन् ।

६. भवनको तेस्रो र चौथो तल्ला र छत भाडामा लिने व्यक्ति/व्यवसायी/संघ-संस्थाहरुले भाडामा लिएको ब्लक र छतमा लाग्ने फर्निचर, विद्युत महशुल र  पानीको महशुल आफैले व्यहोर्नु पर्नेछ ।

७. भाडामा लिने व्यक्ति/संस्थाले सरकारद्वारा प्रतिबन्धित मालसामान राख्न र शंकास्पद कृयाकलाप गर्न पाईने छैन । त्यस्तो राखे वा गरे गराएमा भाडामा लिने व्यक्ति/व्यवसायी/संस्था नै पूर्ण जिम्मेवार हुनेछ ।

८. भाडामा लिएको तल्ला र छतको सामान्य मर्मत संभार गर्नु पर्ने भएमा भाडामा लिने व्यक्ति/व्यवसायी/संस्थाले नै गर्नु गराउनु पर्नेछ ।

९. अदालत, नेपाल सरकार र नगरपालिका ले दिएको आदेश निर्देशन निर्णयको पालना भाडामा लिने व्यक्ति/व्यवसायी/संस्थाले गर्नु गराउनु पर्नेछ । सो पालना गर्दा कुनै क्षति भएमा  भाडामा लिने व्यक्ति/व्यवसायी/संस्थाले क्षतिपूर्ति माग दावि गर्न पाउने छैन ।

१०. दरभाउपत्र पर्ने व्यक्ति/व्यवसायी/संस्थाले कवोल गरेको भाडा वापतको बोल अंकको तीन महिना बराबर रकम यस कार्यालयमा धरौटी स्वरुप राख्नु पर्नेछ । यसरी धरौटी स्वरुप राखिएको रकम भाडामा कट्टा गराउन पाइने छैन् । उक्त धरौटी रकम कुनै कारणबाट दुई पक्ष बीचको सम्झौता भंग भएमा वा भाडामा लिनेले भाडामा बस्न नचाहेमा ब्लक खालि गरे पश्चात मात्र फिर्ता गरिने छ ।

११. शिलबन्दी दरभाउपत्रमा भाग लिने व्यक्ति/व्यवसायी/संस्थाले छुट्टा छुट्टै तल्लाको लागि छुट्टा छुट्टै शिलबन्दी दरभाउपत्र दर्ता गराउन पर्नेछ । एउटै व्यक्तिले २ वटै तल्ला र छत वा छुट्टा छुट्टै रुपमा तेस्रो र चौथा तल्ला र छुटै रुपमा छत मात्र पनि लिन सक्नेछ । यसरी लिइने तल्ला वा छतमा होटल रेस्टुरेन्ट वा अन्य यस्तै प्रकारका व्यवसाय संचालन गर्न पाइने छैन् ।

१२. भवन भाडामा लिने व्यक्ति/व्यवसायी/संस्था र नगरपालिका बीच कुनै विवाद परेमा नगरपालिकाको  निर्णय नै अन्तिम हुनेछ ।

१३. नगरपालिकासँग सम्झौता गरी भवन भाडामा लिएमा व्यक्ति/व्यवसायी/संस्थाले भवन छोड्न चाहेमा एक महिना अगाडी नगरपालिकालाई लिखित जानकारी दिनु पर्ने पर्नेछ । नगरपालिकाले पनि कुनै तल्ला वा छत खाली गर्नु पर्ने भएमा एक महिना अगाडी नै लिखित जानकारी दिनु पर्नेछ ।

१४. भाडामा लिने व्यक्ति स्वयंले उक्त भवनमा आफ्नो व्यापार व्यवसाय गर्न गराउनु पर्नेछ र न.पा सँग सम्झौता गरी बोलपत्रदाताले वा दोस्रो पक्षले भवन आफूले प्रयोग नगरी अरुलाई प्रयोग गर्न दिएमा तेस्रो पक्षले चाहेमा न.पा.ले दोस्रो पक्ष सँगको सम्झौता रद्ध गरी तेस्रो पक्षसँग सम्झौता गर्न/नगर्न सक्नेछ । व्यवसाय गर्दा सम्बन्धित निकायबाट स्वीकृती लिने दायित्व भाडामा लिने व्यक्ति/व्यवसायी/संस्था को नै हुनेछ । नगरपालिकाको व्यवसाय करमा दर्ता र नियमित नविकरण गरी व्यवसाय संचालन गर्नु गराउनुपर्नेछ ।

१५. यसमा नपरेका शर्तहरुको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

१६. शिलबन्दी बोलपत्रको अंक स्वीकृत गर्ने नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा निहित रहने छ ।

<u>न्यूनतम भाडादर</u>

| क.सं. | तल्ला | न्यूनतम मासिक भाडा | कैफियत |
|---|---|---|---|
| क) | तेस्रो तल्ला | ४०,०००/ | |
| ख) | चौथो तल्ला | ४०,०००/ | |
| ग) | चौथो तल्लाको छत | ६/- | प्रति स्क्वायर फिट |

अन्य विस्तृत कुरा बुझ्नु परेमा नगरपालिका कार्यालयमा आई बुझ्न सकिनेछ ।